नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २७० २०८० साल जेठ १९ गते शुक्रबार (2 June 2023 Friday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रपतिबाट नागरिकता विधेयक.. ३ पृष्ठमा : सहज इन्धन आपूर्तिका लागि बन्ने ... ३ पृष्ठमापीटीआई नेता खानसँग..

# गर्मीले जनजीवन अस्तव्यस्त, पंखा चलाउँदा पनि तातो हावा

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

केहि दिन यता बिहानैदेखी टन्टलापुर घामसंगै बढेको अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बनेको छ। बिहानै ३० डिग्रि तापक्रम हुँदै दिउँसोसम्म ४१ डिग्री सम्म तापक्रम पुग्न थालेपछी जनजीवन अस्तव्यस्त बन्न पुगेको हो।

जेठ दोस्रो साता सकिन लाग्दा पनि पानी पर्न नसक्दा गर्मी अत्यधिक बढेपछि जनजीवन प्रभावित भएको छ।

बेला-बेलामा सामान्य वर्षा भए पनि यस क्षेत्रमा गर्मी घट्न सकेको छैन। पानी परेर मौसम उघ्रिनासाथ गर्मी बढ्न थालेको छ। चर्को घामका कारण मध्याह्नमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन्।

गर्मीले दिउँसोको समयमा मुख्य बजारका सडक सुनसान हुन थालेका छन्। सरकारी कार्यालयमा सेवाग्राहीको सङ्ख्या घटेको छ। गर्मीका कारण विद्यालय, उद्योग व्यवसाय सबै प्रभावित भएका छन्।

केही दिन यता प्रचण्ड गर्मी र पानी नपर्दा घाउ, खटिरा, आँउमासी, टाईफाईड, ज्वरो, झाडा पाखाला लगायतका रोगका विरामीको चाप बढ्दै गएको गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश साहले बताए। उनले गर्मीको असरले स्वास्थ्यमा धेरै प्रकारको प्रभाव पार्ने भएकाले आवश्यक सावधानी अपनाउदै बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानीलगायतका तरल पर्दाथको सेवनलाई बढाउनुका साथै काम नभए दिउँसोको समयमा घरबाहिर नस्किन सर्वसाधारणलाई सुझाव समेत दिए।

चर्को घाम लाग्ने अनि हावा भने फिटिकै नचल्ने गरेका कारणले गर्मीबाट जोगिन घर बाहिर कमै निस्कने गरेको राजविराज ४ का होटल व्यवसायी शम्भु साहले बताए। उनले भने, घरमा वस्दा पनि गर्मीबाट खासै जोगिन सकिएको छैन। पंखाको हावाले काम गरिरहेको छैन। राती अलि शितल हुनु पर्ने हो, त्यो पनि छैन। गर्मी छल्न पंखा चलाउदा पनि तातो हावा फाल्ने गरेकाले सुत्न पनि निकै गाह्रो हुने गरेको छ।

यता गर्मी बढेसँगै बजारमा हरेक वर्ष चिसो पेयपदार्थको माग ह्वात्तै बढ्छ र यो वर्ष झनै त्यसको मात्रा बढेको छ। अहिले गर्मी बढेसँगै चिसो पेय पदार्थको बिक्री बढेको छ। अहिले बजारमा उखुको जुस, सर्वत, बरफ, कुल्फी, आइसक्रिमको व्यापार पनि एकाएक बढेको छ।

समयमा मनसुन सूरु नहुँदा गर्मी अत्यधिक बढेको तथा केही दिन अझै यस्तो अवस्था रहने मौसमविदहरुको भनाइ छ।



प्रचण्ड गर्मीबाट जोगिन छहारीका लागि बिहीबार राजविराजस्थित शिवमन्दिर प्राङ्गण परिसरमा रहेको पिपल रुखमूनी बसेका सर्वसाधारण।
*तस्बिर : राजविराज दैनिक*

# राजविराजसहित कंचनरुप नगरपालिकाका विद्यालयहरु पाँच दिन बन्द, क्याम्पसमा २० दिन विदा

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

विगत केही दिनदेखी बढेको अत्याधिक गर्मीका कारण बालबालिकाहरुलाई विद्यालयमा पठनपाठन गर्न समस्या भइरहेको भन्दै सप्तरीका दुई स्थानिय तहले पाँच दिनका लागि सामुदायिक तथा निजि विद्यालयहरुमा विदा दिएको छ।

बढेको अत्यधिक गर्मीका कारण विद्यालयमा हुने पठनपाठन एवम् विद्यार्थीहरुको स्वास्थ्यमा समेत गम्भिर असर पर्न सक्ने देखिएको हुनाले जेठ १९ गते शुक्रबारदेखी जेठ २३ गते मंगलबारसम्म विदा दिइएको राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविनद्वारा जारि विज्ञप्तिमा उल्लेख छ।

सो विज्ञप्तिमा वर्षे विदाबाट कट्टा हुने गरि नगरपालिका अन्तरगतका सम्पूर्ण विद्यालयहरुमा विदा दिइएको जनाइएको छ।

यस्तै जिल्लाकै कंचनरूप नगरपालिकाले नगरभित्रका विद्यालयमा पनि ५ दिनको विदा दिएको छ। नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत रेणुका साहद्वारा बिहीबारै जारी गरिएको सूचनामा शुक्रबारदेखि जेठ २३ गते मंगलबारका दिनसम्म विदा दिएको जनाइएको छ।

यसैगरि महेन्द्र बिन्देश्वरी बहुमुखी क्यामपस राजविराजले जेठ २१ गतेदेखी असार ८ गतेसम्म २० दिन गर्मी विदा दिने निर्णय गरेको छ।

क्याम्पस प्रमुख राजिव कुमार मिश्राद्वारा बिहीबार जारि सूचनामा उक्त विदा वार्षिक विदामा कट्टा हुने गरि दिइएको उल्लेख छ।

पछिल्लो एक सातादेखी मधेश प्रदेशका जिल्ला लगायत अन्य केही प्रदेशमा अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बनेको छ।

एक हप्तादेखी बिहान ६ बजेदेखी नै अत्याधिक तापक्रम बढ्ने गरेको छ। बिहानै ३० डिग्रि सेल्सियस तथा १२ बजेसम्म ३५ हुँदै ३ बजे ४१ डिग्रि तापक्रम हुने गरेको छ। जसकारण अत्यावश्यक काम बाहेक मानिसहर सडकमा देख्न छाडिएका छन्। गर्मी बढ्दै जाँदा सबै भन्दा बढी बालबालिका तथा बृद्धबृद्धाहरु प्रभावित भएका छन्।

# विटौरी जग्गा, कित्ताकाट र लालपूर्जा लगायतको समस्या समाधानका लागि लोसपाले बुझायो २० बुँदे ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

लोसपा नेपाल सप्तरीले विटौरी जग्गा रोक्का फूकुवा, जग्गाको कित्ताकाट, गाउँ नगर ब्लकमा वसोवाद गर्दै आएका जग्गाधनीलाई लालपूर्जा वितरण लगायतका समस्याको समाधानको माँग राख्दै २० बुँदे ज्ञापनपत्र बुझाएको छ।

ती प्रकृया अविलम्व सूरु गर्न माँग गर्दै बिहीबार लोसपा नेपाल सप्तरीले राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनलाई ज्ञापन पत्र बुझाएको हो।

लोसपाका केन्द्रिय नेता जयप्रकाश ठाकुर, दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, जिल्ला अध्यक्ष सुनिल कुमार झा, निर्वतमान नगर प्रमुख शम्भु प्रसाद यादव, निर्वतमान उपप्रमुख साधना झा, वडा अध्यक्ष शशी चौधरी लगायतको अगुवाईमा उक्त ज्ञापन पत्र बुझाइएको हो।

बुझाएको ज्ञापन पत्रमा विटौरी जग्गा, कित्ता काट, गाउँ नगर ब्लकका जग्गाको लालपूर्जाका समस्याका साथै किसान, बृद्धबृद्धा, एकल महिला, लामखुट्टेको बढ्दो प्रकोप, भ्रष्टाचार, छाडा पशु चौपाया नियन्त्रण, माछा हाटको व्यवस्थापन लगायतका समेत गरी २० बुंदे समस्या उठान गरी अविलम्व उक्त समस्या समाधान गर्न माँग गरिएको छ।

यस अघि जेठ ६ गते पनि लोसपाले लामो समयदेखि रोकिराखिएको विटौरी जग्गा रोक्का फूकुवा, जग्गा कित्ताकाट तथा गाउँ नगरपालिकाका ब्लक जग्गामा वसोवास गर्दै आएका जग्गाधनीलाई अविलम्ब लालपूर्जा प्रदान गर्नू पर्ने माँग गर्दै नापी कार्यालयमा पनि ज्ञापन पत्र बुझाइसकेको छ।

उक्त माँगहरु अविलम्ब सम्बोधन नगरिए लोसपाले आन्दोलन चर्काउने चेतावनी समेत ज्ञापन पत्र मार्फत दिएको छ।

# स्कुटीको ठक्करबाट साइकल यात्री महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

स्कुटीले साइकललाई ठक्कर दिँदा बिहीबार एक महिला घाइते भएकी छिन्।

सप्तरीको महदेवा गाउँपालिका १ चिम्टी चौकस्थित पुर्वबाट पश्चिमतर्फ जादै गरेको को.३९प.६७२७ नं. को स्कुटीले सोही दिशातर्फ जादै गरेको साईकल यात्रीलाई ठक्कर दिएको हो।

ठक्करबाट सोही गाउँपालिका वडा नं. ४ प्रसाही टोल निवासी ३५ वर्षिया रतिकाला मुखिया घाइते भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार ठक्करबाट उनको शरीरको बिभिन्न भागमा चोट लागेपछि छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारका भर्ना गरिएको छ।

यता ठक्कर दिने स्कुटि चालक सप्तकोशी नगरपालिका ९ कमलपुर निवासी ५२ वर्षिय योगेन्द्र कुमार झा र स्कुटीलाई प्रहरी चौकी पकरीले नियन्त्रणमा लिई घटना बारे आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला।
**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**गणतन्त्रका उपलव्धीहरु**

- संघीयताको अभ्यासमार्फत संघ,प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकार सम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलव्धीहरुको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# विपतको तयारी सह्रानिय

यस पटक सप्तरी जिल्लाको विभिन्न पालिकहरुमा विपत आउनु पूर्वको तयारी गरिएको छ । हरेक वर्ष विपतबाट निकै धनजनको क्षति हुने गरेको यस जिल्लामा यस पटक भने केही पालिकाहरु पूर्व तयारीमा जुटेका छन् । यो सह्रानिय कार्य हो । नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको सहयोगमा पूर्व तयारीका अभ्यासहरु गरिएको छ । वर्षाका कारण आउने बाढीको पूर्व तयारी गरिएको छ । तर, जिल्लामा वर्षाबाट आउने बाढी मात्र विपत नभएर आगलागि तथा शितलहर पनि हो । जेहोस् बाढीबाट हुने जनधनको क्षतिलाई न्युनिकरणका लागि पूर्व तयारी गरिए पनि यो सुखद पक्ष हो ।

विपतले जिल्लामा विगतका वर्षहरुमा निकै क्षति पुऱ्याएको तथ्याङ्कबाट पुष्टि हुन्छ । अहिले वर्षायामको मौसम हो । हामी जहिले पनि वर्षायाम सुरुवात भएपछि मात्र बाढीबाट हुन सक्ने क्षति बारेमा सोच्न बाध्य हुन्छौं । हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क पनि हामीलाई थाहा छ । यति मात्र नभएर कुन कुन स्थानमा बाढी आउन सक्छ, जसबाट मानविय तथा भौतिक क्षति हुन सक्छ त्यो पनि सरोकारवाला निकायलाई थाहा छ । अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न आसपासका गाउँहरु जलमग्न र भौतिक क्षति हुने गर्दछ । बाढीको यो क्रम पुरानै हो तर पनि यसबाट जोगिन सम्बन्धित निकायले समयमै उचित व्यवस्थापन गर्न नसक्दा ठूलो क्षति ब्योहर्नु परिरहेको छ । खासगरि नदी छेउका बस्तीमा बाढी पस्ने र सर्वसाधारणको बिगघौं खेतियोग्य जग्गामा बालुवा पुरेर क्षति हुने गरेको छ । बाढीका कारण कतिपय स्थानका सर्वसाधारणहरु बिस्थापित हुने, घरबारबिहीन हुने गर्छन् ।

बाढीबाट हुने धनजनको क्षति र यसको न्युनिकरणका लागि एउटा दिर्घकालिन योजना बनाएर अघि बढ्न सके पक्कै पनि सकारात्मक परिणाम दिन्छ । तसर्थ विपतको प्रकोपबाट जनतालाई जोगाउन र क्षति न्युनिकरणका लागि सम्बन्धीत निकायले यसरी नै अग्रसरता देखाई रहे भविष्यमा यसबाट जुद्धन मद्दत गर्छ ।

# राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण सराहनीय

**सिबी अधिकारी**
काठमाडौं, १८ जेठ (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण भएकामा तराई-मधेश केन्द्रित राजनीतिक दलहरूले स्वागत गरेका छन् ।

राष्ट्रपतिले बुधबार नागरिकता विधेयक प्रमाणीकरण गरेकामा स्वागत गर्दै ती दलले राष्ट्रपतिको सराहनीय कार्य रहेको भन्दै धन्यवाद पनि व्यक्त गरेका छन् । सम्बन्धित दलले छुट्टाछुट्टै विज्ञप्ति निकालेर राष्ट्रपतिबाट भएको नागरिकता विधेयक प्रमाणीकरणको स्वागत जनाएका हुन् । राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएपछि सङ्क्षिप्त प्रतिक्रिया दिँदै विभिन्न मधेस केन्द्रित दलका नेताहरुले नागरिकता विधेयक प्रमाणीकरणसँगै नागरिकतासम्बन्धी सबै समस्या समाधान हुने विश्वास व्यक्तसमेत गरेका छन् ।

जनता समाजवादी पार्टी ( जसपा) का अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण हुनु स्वागत योग्य रहेको भन्दै यसले नागरिकताका लागि लड्नुपर्ने समस्या सदाका लागि हल हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले नागरिकता विधेयक प्रमाणीकरण गरेकामा राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्ष यादवले नागरिकताका लागि लामो सङ्घर्ष गर्नुपरेको भन्दै मधेसमा देखिएका नागरिकता सम्बन्धित समस्या समाधानका निम्ति सडकदेखि सदनसम्म सङ्घर्ष गरेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “संसद्बाट दुई/दुई पटक पास भएको विधेयक राष्ट्रपतिकहाँ पुगेर अड्किएको थियो । अहिले राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गरेकाले अब नागरिकतासम्बन्धी सबै समस्या समाधान हुने विश्वास लिएको छ ।”

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले राष्ट्रपतिबाट प्रमाणित भएको नागरिकता विधेयक स्वागतयोग्य काम भएको बताउनुभयो । उहाँले भन्नुभयो, “राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएको छ, यो सराहनीय कार्य हो । यो पहिल्यै हुनुपर्ने थियो, ढिलो भए पनि राम्रो भएको छ ।” नेता महतोले संविधानले नै कल्पना गरेको विषय समयमा कार्यान्वयन हुँदा नागरिकताविहीनले धेरै समस्या भोग्नुपरेको उल्लेख गर्नुभयो ।

लोसपाका अर्का नेता राजकिशोर यादवले नागरिकता नपाएर पीडामा रहेकी नागरिकले नागरिक पाउनेगरी नागरिकता विधेयक प्रमाणीकरणले राम्रो काम भएको भन्दै नेपाल सरकार र राष्ट्रपतिलाई धन्यावाद ज्ञापन गर्नुभयो ।

“संविधानमा रहेको व्यवस्थाअनुरुप संसद्बाट दुई-दुई पारित भएर गएको नागरिकता विधेयक अड्किएको थियो, अहिले राष्ट्रपतिले प्रमाणीकरण गरेर सराहनीय काम गर्नुभएको छ, यसले नागरिकतासम्बन्धी समस्या समाधान हुने विश्वास छ”, नेता यादवले भन्नुभयो ।

जनमता पार्टीका उपाध्यक्ष अब्दुल खानले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएकामा पार्टीले स्वागतसहित धन्यवाद दिएको बताउनुभयो । “सरकारले चालेको यो राम्रो कदमबाट अनागरिकले नागरिकता पाउने भएका छन् । संविधानप्रदत्त धकिारको कार्यान्वयन भएको छ । ढिलै भए पनि हामी खुसी छौं”, उहाँले भन्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक बुधबार प्रमाणीकरण गर्नुभएको हो । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तबमोजिम विधेयक प्रमाणीकरण गर्नुभएको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

हालसम्म उक्त विधेयक ऐन बन्नका लागि प्रमाणीकरण नभएकाले विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको यही जेठ १२ गतेको निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट लेखी आएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो ।

प्रतिनिधिसभाका तत्कालीन सभामुखबाट साउन १५ गते प्रमाणित गरी तत्कालीन राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस भएको थियो । केही विषयमा ध्यानाकर्षणसहित पुनःविचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकामा ध्यानाकर्षण गराइएका विषयमा सङ्घीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनःभदौ २० गते राष्ट्रपतिसमक्ष पठाइएको थियो ।

# भारतले दश वर्षमा दश हजार मेगावाट बिजुली खरिद गर्ने

नयाँदिल्ली, १८ जेठ (रासस) ।

नेपालभित्र उत्पादित भारतीय बजारमा सहज रुपमा बिक्रीका लागि नयाँ मार्ग प्रशस्त भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा नेपालको बिजुलीको सहज व्यापारका लागि नयाँ मार्ग प्रशस्त भएको हो । यसअघि अल्पकालीन सम्झौतामार्फत हुँदै आएको बिजुली व्यापार अब भने दीर्घकालीन विद्युत् व्यापार सम्झौतामार्फत हुने भएको छ । यसबाट ऊर्जा उद्यमीलाई पनि राहत मिलेको छ । नेपालबाट भारतले आगामी १० वर्षमा १० हजार मेगावाट बराबरको बिजुली खरिद गर्ने भएको छ । त्यसमा माथिल्लो तामाकोशीलगायतका आयोजनाको बिजुली समेत भारतले खरिद गर्ने भएको छ ।

लामो समयदेखि नेपालका ऊर्जा उद्यमी तथा व्यवसायीले दीर्घकालीन बिजुली व्यापारसम्बन्धी सहमति भएको संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री प्रचण्डले जानकारी दिनुभयो । यस्तै, पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर)लाई आगामी तीन महिनाभित्र सहमति जुटाउन सम्वद्ध सरकारी अधिकारीलाई निर्देशन दिइएको छ । यसबाट लामो समयदेखि अगाडि बढ्न नसकेको पञ्चेश्वर आयोजनाले गति लिने विश्वास गरिएको छ ।

प्रधानमन्त्री प्रचण्ड र उहाँका भारतीय समकक्षी मोदी दुवैले बिजुली व्यापारसम्बन्धी दीर्घकालीन विषयमा सहमति भएको जानकारी दिनुभएको थियो । प्रधानमन्त्री प्रचण्ड र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रुपमा न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण तथा फूकोट कर्णाली र तल्लो अरुण जलविद्युत् आयोजना अगाडि बढाउने सहमतिले नेपालको बिजुलीको अन्तरराष्ट्रिय बजार खोजीका लागि मार्गप्रशस्त भएको छ ।

दीर्घकालीन बिजुली व्यापारसम्बन्धी सहमतिले नेपालको ऊर्जा व्यापारमा भारतीय लगानी विस्तार हुने विश्वास लिइएको छ । केही रणनीतिक महत्वका आयोजना अगाडि बढेको खण्डमा व्यापार घाटा कम गर्न, रोजगारीको अभिवृद्धि गर्न तथा विदेशी मुद्रा आर्जनमासमेत सहयोग पुग्ने विश्वास गरिएको छ । यसअघि नेपाल विद्युत् प्राधिकरणले वर्षाको समयमा प्रत्येक १५ मिनेटमा प्रतिस्पर्धा गरी खुल्ला बजारमा विद्युत् निर्यात गर्दै आएको थियो । त्यसलाई आइएक्स मार्केटका रुपमा लिइन्छ । मध्यकालीन सम्झौताले व्यवसायीलाई ठूलो राहत पुग्नेछ ।

यसअघि गत वर्षामा विद्युत् प्राधिकरणले खुला बजारमा चार सय ५२ मेगावाटसम्म विद्युत् निर्यात गरेको थियो । त्यसमा प्रत्येक १५ मिनेटमा प्रतिस्पर्धा गरी दर निर्धारण हुने तथा दरमा उत्तारचढाव हुने भएकोले प्राधिकरणले सस्तोमा बिजुली बेच्नुपर्ने अवस्था आएको थियो । दीर्घकालीन सम्झौताले नेपालको ऊर्जा बजारको खोजी तथा निजी उद्यमी व्यवसायीलाई पनि थप सहज बनाइदिएको छ ।

भारतीय प्रधानमन्त्री मोदीलेसमेत नेपालको ऊर्जा व्यापारका सन्दर्भमा दुई देशबीच महत्वपूर्ण मार्ग प्रशस्त भएको उल्लेख गर्नुभयो ।

# नेपाल र भारतबीच अन्तरदेशीय विद्युतीय भुक्तानीका लागि सहमति

नयाँदिल्ली, १८ जेठ (रासस) ।

नेपाल र भारतबीच अन्तरदेशीय विद्युतीय भुक्तानीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमणका क्रममा नेपाल क्लियरिङ हाउस र भारतको एनपिसिआईबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

सहमतिपत्रमा नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेषमान प्रधान र एनपिसिआई प्रमुख कार्यकारी अधिकृत रितेश शुक्लाले हस्ताक्षर गर्नुभएको छ । एनपिसिआई भारतको केन्द्रीय बैंकले स्थापना गरेको संस्था हो ।

उक्त सहमतिपछि भारतमा अध्ययन तथा उपचारका लागि आउनेलाई सहज हुनेछ । सम्झौताले सहज कारोबार तथा भुक्तानीका लागि मार्गप्रशस्त गरिदिएको छ । नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत प्रधानले महत्वपूर्ण सहमति भएको राससलाई जानकारी दिनुभयो ।

उहाँले यसप्रकारको सम्झौताले विद्युतीय भुक्तानीका लागि सहज हुने पर्ी बताउनुभयो । नेपाल र भारतका नागरिकले यसबाट ठूलो लाभ प्राप्त लिन सक्ने उहाँको भनाइ छ । यसअघि कार्डबाट हुँदै आएको भुक्तानी अब भने क्यूआर कोड स्यानमार्फत हुनेछ ।

भारतमा विभिन्न प्रयोजनका लागि आउने नेपालीले भोग्दै आएको भुक्तानीको समस्या अब भने समाधान हुने प्रमुख कार्यकारी अधिकृत प्रधानले जानकारी दिनुभयो । नेपाल राष्ट्र बैंकको लगानीमा स्थापित नेपाल क्लियरिङ हाउस र भारतीय समकक्षीबीचको सहमतिले अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीलाई थप भरपर्दो र विश्वासिलो बनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सहज इन्धन आपूर्तिका लागि बन्ने भए पेट्रोलियम पाइपलाइन

नयाँदिल्ली, १८ जेठ (रासस) ।

इन्धन ढुवानीमा ठूलो रकम खर्च गरिरहेको सरकारले त्यसलाई कम गर्नका लागि पेट्रोलियम पाइप लाइन निर्माणलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमणका क्रममा दुई महत्वपूर्ण पाइप लाइन निर्माणमा सहमति भएको छ ।

त्यसका लागि भारतले झण्डै रु १७ अर्ब बराबरको सहयोग उपलब्ध गराउने भएको छ । त्यसबाट दुई वटा पेट्रोलियम पाइपलाइन परियोजना र एक भण्डारणस्थल निर्माण हुने भएको छ । भण्डारणस्थल भने नेपालले आफ्नै खर्चमा निर्माण गर्नुपर्नेछ । पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि भारतको सिलिगुडीदेखि झापासम्म र बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ । यस्तै झापामा भण्डारणस्थल निर्माण हुनेछ ।

नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच लामो समयदेखि उक्त पाइपलाइन निर्माणका विषयमा छलफल हुँदै आए पनि सहमति हुन सकेको थिएन । प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा सरकारीस्तरमै ती परियोजना अगाडि बढाउने सहमति भएको हो ।

नेपाल आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीका अनुसार दुई पाइपलाइन र झापाको टर्मिनल भारतले अनुदानमा निर्माण गरिदिनेछ । यसअघि नै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पाइपलाइन भारत सरकारले अनुदानमा निर्माण गरिदिन सहमत भएको बताउनुभएको थियो ।

निगमले सिलिगुडी-झापा, अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन, झापा र चितवनको लोथरमा भण्डारणस्थल निर्माण गर्ने बताउँदै आएको थियो । त्यसको अध्ययनसमेत भइसकेको छ । बिहीबारको सम्झौतापछि आयोजना तीव्ररुपमा अगाडि बढ्ने विश्वास लिइएको छ ।

निगम र आइओसीले संयुक्तरूपमा सन् २०२१ मा तयार पारेको प्रतिवेदनअनुसार यी चार परियोजनाको कूल लागत रु १७ अर्ब बराबर छ । अन्तर्राष्ट्रियस्तरमा भएको अनेकन मूल्यवृद्धिका कारण लागत थप केही बढ्ने अनुमान गरिएको छ ।

निगमका अनुसार अमलेखगञ्जदेखि लोथरसम्मको पाइपलाइनको दूरी ६२ किलोमिटरको हुनेछ । त्यस्तै ५० किमी लामो सिलिगुडी-झापा पाइपलाइन निर्माण हुनेछ । ती आयोजनाकोसमेत कूल लागत निर्धारण भएको छ ।

यी परियोजनाको भारतीय सरकारी कम्पनी आइओसी र निगमले संयुक्तरूपमा अध्ययन सम्पन्न गरिसकेका छन् । विवरणअनुसार झापाको इन्धन भण्डारण क्षमता ४२ हजार किलोलिटर र लोथर टर्मिनलको क्षमता एक लाख तीन हजार एक सय ५० किलोलिटर बराबर हुनेछ ।

यसअघि नै मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण सम्पन्न भइसकेको छ । त्यसबाट ढुवानी लागत, वातावरण प्रदूषण नियन्त्रणलगायतका विषयमा ठूलो फाइदा भएको छ ।

नेपाल र भारतबीच पेट्रोलियम पाइपलाइन निर्माणका बारेमा लामो समयदेखि छलफल भए पनि विसं २०७६ भदौ २४ गतेदेखि मात्रै मोतिहारी-अमलेखगञ्ज पाइपलाइन सञ्चालनमा आउन सकेको थियो ।

मोतिहारी-अमलेखगञ्जको सफल उदाहरणका कारण पनि पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि पाइपलाइन परियोजना अघि बढाउन महत्वपूर्ण सफलता हासिल भएको हो । थप पाइपलाइन निर्माणपछि इन्धन आपूर्ति सहज हुने निगमले विश्वास लिएको छ ।

पाइपलाइन निर्माणले ढुवानी भाडा बचत हुनुका साथै नेपालमा आउने पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न र चुहावट नियन्त्रणमा सहयोग पुगेको छ । पेट्रोलियम पदार्थ आयातमा लाग्दै आएको चर्को मूल्य घट्ने, चोरी, चुहावट र मिसावटमा कुनै पनि गुनासो सुन्नु नपर्ने अवस्था सिर्जना भएको छ । ट्राफिक जाम, वातावरणीय विषयमा समेत धेरै सहजता हुने कार्यकारी निर्देशक थानीको भनाइ छ ।

सिलगुढी-झापा पाइपलाइन निर्माणपछि कोशी प्रदेशको आपूर्ति सहज हुनेछ । हाल सञ्चालनमा रहेको मोतिहारी-अमलेखगञ्ज पाइपलाइनले मात्रै देशको माग धान्न नसक्ने भएपछि विकल्प खोजिएको निगमको भनाइ छ । थानीका अनुसार सिलिगुडी-झापा पाइपलाइनमा करिब ३५ किमी बराबरको क्षेत्र भारत र १५ किमी बराबरको क्षेत्र मात्रै नेपालको पर्नेछ ।

ऊर्जा सुरक्षा, दिगो वितरण प्रणाली तथा अन्य लागतलगायतका विषयलाई सम्बोधन गर्न पनि पाइपलाइन नै उत्तम विकल्प भएको जानकारहरुको भनाइ छ । त्यसो त भरपर्दो संरचनाको अभावमा अनेकन झन्झट बेहोर्नुपर्ने अवस्थाकोसमेत अन्त्य हुनेछ ।

# प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी मोदीद्वारा रेलमार्गको उद्घाटन

नयाँदिल्ली, १८ जेठ (रासस) ।

भारत भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र उहाँका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको बथनाहादेखि विराटनगरको बुधनगरसम्मको रेल्वे सेवाको संयुक्तरुपमा उद्घाटन गर्नुभएको छ ।

नयाँदिल्लीस्थित भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यालय हैदरावाद हाउसबाट दुई देशका प्रधानमन्त्रीले हरियो झण्डा देखाएर कार्गो रेल्वे सेवाको उद्घाटन गर्नुभएको हो ।

प्रधानमन्त्री प्रचण्ड र उहाँका भारतीय समकक्षी मोदीले झण्डा देखाएपछि बथनाहाबाट भारतीय पक्षले कार्गो रेललाई बिदाइ र बुधनगरमा नेपाली सरकारी अधिकारीले स्वागत गर्नेछन् ।

विराटनगरस्थित एकीकृत भन्सार जाँच चौकीसम्म आइपुग्ने सो मालवाहक रेलले केही उद्योगका लागि कच्चापदार्थ ढुवानी गरेको छ । लामो समयदेखि कोशी प्रदेशका व्यवसायीले सीमा क्षेत्र बथनाहादेखि विराटनगरको एकीकृत जाँच चौकीसम्म सञ्चालनमा रहेको रेललाई माल सामान ढुवानीका लागि खुला गरेर सहजीकरण गर्न अनुरोध गर्दै आएका थिए ।

भारतको बथनाहाबाट विराटनगरको आइसिपी रेल्वे स्टेसनसम्म बिछ्याइएको आठ किलोमिटर रेलमार्ग तयारी अवस्थामा छ । सो रेलमार्ग २०७५ कात्तिक ८ गते रेल सञ्चालनका लागि परीक्ष्वल¶ाणसमेत भइसकेको छ । बुधबार पनि सो रेलमार्गको पुनःपरीक्षण गरिएको रेल विभागले जनाएको छ ।

बिहीबार उद्घाटन भएपछि सो रेलमार्ग नियमितरुपमा सञ्चालन हुनेछ । यात्रुवाहक रेल भने शीघ्र सञ्चालनमा ल्याउने तयारी छ । यात्रुवाहक रेलका लागि भने कटहरीसम्म रेलमार्ग निर्माण हुनुपर्नेछ । त्यसका लागि पनि आवश्यक तयारी भइरहेको छ ।

बथनाहादेखि विराटनगर हुँदै कटहरीसम्म १८ दशमलव एक किलोमिटर लामो रेलमार्ग सन् २०११ देखि निर्माण सुरु भएको भए पनि पूरा हुन सकेको छैन । केही स्थानमा मुआब्जा विवाद कायमै छ । उक्त समस्या समाधानका लागि पहल भइरहेको छ ।

भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा सो रेलमार्ग निर्माण भएको हो । विवरणअनुसार भारतको बथनाहाबाट विराटनगर हुँदै कटहरी गाउँपालिकाको महेशपुरमा अन्तिम स्टेशन निर्माण गर्ने सरकारको योजना छ । कूल लम्बाइमध्ये भारततर्फ पाँच र नेपालतर्फ १३ किलोमिटर बराबर छ ।

सो आयोजनाको कूल लागत तीन अर्ब ७३ करोड भारतीय रुपैयाँ छ । उक्त रेलमार्ग निर्माणको जिम्मा भारतीय कम्पनी इरकोनले लिएको थियो । यस्तै हाल जनकपुर जयनगर रेलमार्गसमेत सञ्चालनमा छ । सो रेलमार्ग महोत्तरीको बर्दिवाससम्म निर्माणाधीन छ ।

केही स्थानमा भने निर्माण सम्पन्न भइसकेको छ । भारत सरकारले नेपालका विभिन्न छ स्थानमा रेलमार्ग निर्माण गर्ने सम्झौता तत्कालीन राष्ट्रपति डा रामवरण यादवको भारत भ्रमणका क्रममा भएको थियो ।


## राहदानी हराएको सुचना

सप्तरीको राजविराजबाट फत्तेपुर जाने क्रममा २०८० साल बैशाख ११ गते मेरो १०२२५५३९ नम्बरको राहदानी हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकीमा वा मोबाइल नम्बर ९८४८३२३७४१ मा खवर गरी दिनु हुन साग्रह अनुरोध गर्दछु ।

**नाम :** जितेन्द्र कुमार चौधरी

**ठेगाना :** सप्तकोशी नगरपालिका ८, सप्तरी

**मो. नं.** ९८४८३२३७४१



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी पिऔं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खाने पानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहर मैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता

तिरहुत गाउँपालिका, सप्तरी


## विश्व समाचार

# पीटीआई नेता खानसँग वार्ताका लागि सरकारका शर्त

इस्लामावाद, १८ जेठ (रासस/एएनआई) ।

पाकिस्तानका वित्तमन्त्री इशाक डारले पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई)का अध्यक्ष इमरान खानले मे ९ मा भएको दङ्गाका लागि राष्ट्रसँग माफी मागेमा मात्र वार्ता सम्भव हुने बताउनुभएको छ । एक निजी समाचार च्यानलसँग कुरा गर्दै इशाक डारले भन्नुभयो, “इमरानसँगको वार्ता तब मात्र हुनेछ जब पीटीआई अध्यक्षले आफ्नो गल्ती स्वीकार्नुहुनेछ र त्यसलाई नदोहोरिने कसम खानुहुनेछ ।”

उहाँले पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन)का प्रमुख नवाज सरिफलाई इमरान खानसँग वार्ताका लागि मञ्जुर गराउनुपर्ने बताउनुभएको छ । उहाँले नवाज सरिफले हिंसाका दोषीसँग वार्ता गर्न नमिल्ने धारणा राखेको बताउनुभयो । इशाक डारले भन्नुभयो, “नवाज सरिफले हिंसाको पूर्वतयारी गर्नेसँग वार्ता गर्न नसकिने बताउनुभएको छ । उहाँले मे ९ को घटनाको अनुसन्धान भइरहेको र मे ९ मा भएको घटनामा संलग्न तत्वलाई न्यायको कठघरामा ल्याइने बताउनुभयो ।

डारले मे ९ जस्ता घटना फेरि नदोहोरियोस् भनेर उदाहरण प्रस्तुत गर्नुपर्ने बताउनुभयो । उहाँले दङ्गाको योजनामा इमरान खान संलग्न रहेको प्रमाणले देखाएको दावी गर्नुभयो । सरकार राजनीतिक उत्पीडनमा विश्वास नगर्ने उहाँले बताउनुभयो । एक प्रश्नको जवाफमा उहाँले भन्नुभयो, “यदि नवाज सरिफकी छोरीलाई पक्राउ गर्न सकिन्छ भने कसैकी श्रीमतीलाई पनि पक्राउ गर्न सकिन्छ किनभने कोही पनि कानूनभन्दा माथि छैन ।” इशाक डारले भन्नुभयो, “मे ९ को घटनामा संलग्न महिलाले राहत पाउन सक्दैनन् । पीटीआईका अध्यक्ष खानले आफ्नो कार्यकालमा पाकिस्तानको भलाइका लागि कुनै भूमिका नखेलेको दावी पनि उहाँले गर्नुभयो । डारले पीटीआई अध्यक्षको गलत निर्णयका कारण पाकिस्तानले आर्थिक कठिनाइको सामना गर्नुपरेको दावी गर्नुभयो ।

# सुडानमा १२ लाखभन्दा बढी मानिस विस्थापित : संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, १८ जेठ (रासस/एएफपी) ।

सुडान द्वन्द्व सुरु भएको छ हप्तामा १२ लाखभन्दा बढी मानिस आफ्नो घरबाट विस्थापित भएको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायताकर्मीले बुधबार बताएका छन् । संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए)ले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आईओएम)ले स्थलगत टोलीबाट प्राप्त प्रारम्भिक प्रतिवेदनका आधारमा आफ्नो तथ्याङ्क तयार पारेको जनाएको छ । ओसीएचएले भनेको छ, “यसबीच, हामी र हाम्रा साझेदारले कुनै पनि समय सबै स्थानमा सम्भावित सहयोग पुर्‍याइरहेका छौं । “विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी)ले खार्तुम क्षेत्रमा सहयोग वितरण सुरु गरेको छ । डब्ल्यूएफपीले ओमदुरमानमा फसेका करिब १५ हजार मानिसलाई आपतकालीन खाना उपलब्ध गराएको जनाएको छ ।

सुडानमा डब्लुएफपीले विगत चार हप्तामा सात लाख ८२ हजारभन्दा बढी मानिसलाई खाद्य तथा पोषण सहायता प्रदान गरेको मानवीय सहायता कार्यालयले जनाएको छ । डब्ल्यूएफपीले सुडानमा आधारभूत सम्पर्क चुनौतीपूर्ण रहेका स्थानमा संयुक्त राष्ट्रसङ्घका सबै निकाय र व्यापक मानवीय समुदायलाई आपतकालीन दूरसञ्चार सेवा पनि प्रदान गर्दछ । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले अल-जजिराको वाद मेदानीस्थित प्रसूति गृहलाई जीवनरक्षक औषधि र प्रजनन स्वास्थ्य सामग्री उपलब्ध गराउने गरेको ओसिएचएले जनाएको छ ।

# इरानमा सन् २०१५ यताकै सबैभन्दा बढी मृत्युदण्ड

पेरिस, १८ जेठ (रासस/एएफपी) ।

इरानले यस वर्ष ३०० भन्दाबढी व्यक्तिलाई मृत्युदण्ड दिएको छ । मे महिनामा यो सङ्ख्यामा उल्लेख्य वृद्धि भएपछि यो बर्ष मृत्युदण्डको सजायँ पाउनेको सङ्ख्या सन् २०१५ यताकै सबैभन्दा उच्च एक अधिकारवादी समूहले बिहीबार जनाएको छ । नर्वेस्थित इरान मानवअधिकार (आईएचआर) का अनुसार सन् २०२३ मा कम्तीमा ३०७ जनालाई मृत्युदण्ड दिइएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ७५ प्रतिशतले बढी हो । मे महिनामा कम्तीमा १४२ जनालाई मृत्युदण्ड दिइएको थियो । यो सन् २०१५ यताकै सबैभन्दा उच्च मासिक आँकडा हो । इस्लामिक गणतन्त्र इरानमा गत महिना हरेक दिन औसतमा चार जनाभन्दा बढीलाई फाँसी दिइएको थियो ।

गत सेप्टेम्बरमा सुरु भएको विरोध प्रदर्शनलाई दबाउन नेतृत्वले कदम चालिरहेका बेला इरानले जनतामा डर पैदा गर्न मृत्युदण्डको दायरा बढाएको अभियानकर्मीले आरोप लगाएका छन् । विरोध प्रदर्शनसँग सम्बन्धित मुद्दामा सात जनालाई फाँसी दिइएको छ तर अधिकारकर्मीले विशेष गरी लागूपदार्थ र हत्याको अभियोगको आधारमा, जातीय अल्पसङ्ख्यकलाई असमानरूपमा लक्षित गरिएको र कम जटिल प्रकृतिका मुद्दामा मृत्युदण्डको सङ्ख्या बढेको बताएका छन् । आईएचआरका निर्देशक महमुद अमिरी-मोगद्दामले भन्नुभयो, “इस्लामिक गणतन्त्रले स्वेच्छाचारीरूपमा मृत्युदण्ड दिनुको उद्देश्य विरोध प्रदर्शन रोक्न र यसको शासन लम्ब्याउन सामाजिक डर फैलाउनु हो ।”

“यदि अन्तर्राष्ट्रिय समुदायले मृत्युदण्डको वर्तमान लहरप्रति कडा प्रतिक्रिया देखाएन भने आगामी महिनामा सयौं मानिस इरानी सत्ताधारी समूहको अत्याचारको सिकार हुनेछन् ।” यस वर्ष फाँसी दिइएकामध्ये ५९ प्रतिशत अर्थात् १८० जनालाई लागूऔषधसम्बन्धी अभियोगमा मृत्युदण्ड दिइएको बताइएको छ । मे महिनामा मृत्युदण्ड दिइएकामध्ये २० प्रतिशतभन्दा बढी अर्थात् ३० जना देशको दक्षिणपूर्वमा बसोबास गर्ने सुन्नी बलुच अल्पसङ्ख्यक समुदायका थिए । महिलाका लागि इरानको पहिरन नियम उल्लङ्घन गरेको आरोपमा पक्राउ परेकी महसा अमिनीको मृत्युपछि सुरु भएको विरोध प्रदर्शन पछिल्ला महिनामा केही हदसम्म कम भएको छ तर अझै पनि छिटपुट रूपमा जारी छ । इरानले गत मे महिनाको सुरुमा प्रदर्शनसँग सम्बन्धित मुद्दामा थप तीन जनालाई फाँसी दिएको थियो । यसको अन्तर्राष्ट्रिय निन्दा भएको थियो ।

# जिल्ला कवड्डी संघ सप्तरीको नयाँ नेतृत्व चयन



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

जिल्ला कवड्डी संघ सप्तरीको नयाँ नेतृत्व चयन गरिएको छ ।

बिहीबार सम्पन्न दोश्रो जिल्ला अधिवेशनले राजविराज वडा नं. १ अध्यक्ष समेत रहेका कवडीका पूर्व खेलाडी चन्द्र शेखर चौधरीको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्य समिती सर्वसम्मतले चयन गरेको हो ।

अखिल नेपाल कवड्डी संघका कोषाध्यक्ष एवं केन्द्रीय प्रतिनीधी अरविन्द कुमार झाको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले नवगठित समितीको उपाध्यक्षमा सकिर खान, सचिवमा प्रकाश प्रसाद साह, सहसचिवमा उमेश प्रधान र कोषाध्यक्षमा सुनिल राज दासलाई चयन गरिएको छ ।

यस्तै समितीको सदस्यमा सरस्वती चौधरी, पुस्तिका चौधरी, महेश मण्डल, राज कुमार साह, श्याम यादव, विनोद झा, अमरेश चौधरी र ज्योति देव चयन भएका छन् ।

यस्तै समितीको सल्लाहकारमा प्रदेश सभा सदस्य सतिष कुमार सिह, खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, अखिल नेपाल कवडी संघका केन्द्रीय कोषाध्यक्ष अरविन्द कुमार झा तथा समाजसेवी अजित कुमार मिश्र"पप्पु"को चयन गरिएको समितीले जनाएको छ ।

सो अवसरमा प्रशिक्षक संजय जोशी, पुन्तीलाल यादव, उमेश प्रधान लगायतले उपस्थिती रहेको थियो ।

# तिरहुत गाउँपालिकाद्वारा निशुल्क बोयर क्रस बोका बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

स्थानिय पशुपालकहरुलाई व्यवसायीका लागि तिरहुत गाउँपालिकाले १० वटा उन्नत जातका बोयर क्रस बोका बिहीबार निशुल्क बितरण गरेको छ ।

सो पालिकाको पशुपंक्षि विकास शाखाद्वारा चालु आ.ब.को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५ वटै वडाका २/२ जना पशुपालकहरुलाई सो बोका बितरण गरिएको गाउँपालिका अध्यक्ष बिजय यादवले जानकारी दिएका छन् ।

पशुपालनलाई व्यवसायीकरण गर्ने उद्देश्यले वडा अधयक्षको सिफारिसमा प्रत्येक वडाका दुई/दुई जना पशुपालकलाई बोयर ७५ प्रतिशत नश्लका बोका निशुल्क बितरण गरिएको अध्यक्ष यादवको भनाई छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कुन्दन कर्ण, पशुपंक्षि विकास शाखाका प्रमुख गोसाई यादव तथा गाउँपालिकाका कर्मचारी लगायत कृषकहरुको उपस्थिति रहेको थियो ।

# 'विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गर'

काठमाडौँ, १८ जेठ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विपन्न, असहाय, बेवारिसे बिरामीको लागि निःशुल्क उपचार अनिवार्यरुपमा उपलब्ध गराउन निर्देशन दिएको छ । अनुगमनका क्रममा मापदण्डको पालना नभएको, पार्किङ शुल्क उठाउने गरेको, कार्यरत जनशक्तिलाई न्यूनतम पारिश्रमिक उपलब्ध नगराएको भन्ने गुनासो प्राप्त भएको भन्दै मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को पालना गर्न ताकेताको परिपत्र गरेको छ ।

मन्त्रालयले बुधबार सबै सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजलाई कूल शय्याको दश प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको लागि छुटयाएर उपचार सेवा उपलब्ध गराउन ताकेता गरेको हो । "स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ दफा ७० (घ) मा अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कूल शय्याको दश प्रतिशत शय्या छुटयाई निःशुल्क उपचार अनिवार्यरुपमा गराउनुपर्छ", मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ ।

यस्तै, बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको बिरामी बडापत्र अस्पतालको अग्रभागमा देखिनेगरी राख्न निर्देशन दिइएको छ । मन्त्रालयले पटक-पटक स्वास्थ्य संस्था सञ्चालन मापदण्डको कडाइका साथ पालना गर्न चेतावनीसहित निर्देशन दिँदै आएको छ । बुधबारै काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले महानगरभित्र रहेका ६८ स्वास्थ्य संस्थाले छुट सुविधासम्बन्धी विवरण उपलब्ध नगराएको भन्दै सात दिनभित्र कानुनी दायरामा ल्याउन मन्त्रालयलाई गर्नुभएको थियो । प्रमुख शाहले मन्त्रालयले मापदण्ड पालना नगर्ने अस्पतालको प्रशासन बन्द गर्न बाध्य हुने चेतावनीसमेत दिनुभएको थियो ।

# धुलोले स्थानियवासीलाई समस्या

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

राजविराज-छिन्नमस्ता तथा राजविराजको राजदेवी मन्दिर जाने निर्माणाधीन सडकमा गुड्ने गरेको टिपर, ट्रक, बस, अटो लगायतका सवारी साधनले उडाएको धूलोले स्थानियलाई समस्या भएको छ ।

निर्माण कम्पनीले सडकमा पानी नहाल्दा पैदल, साईकलयात्री, मोटरसाइकलयात्री सबै भन्दा बढी समस्यामा पेरका छन् ।

धूलोले राजविराज-छिन्नमस्ता सडक खण्डको पनि विभिन्न भागका स्थानीयवासीन्दा पनि मारमा परेका छन् ।

एकातिर कछुवाको गतीमा निर्माण कार्य भइरहेको छ, अर्को तीर निर्माण कम्पनीले खनेको सडकमा पानि नहाल्दा यस सडक आसपासका वासीन्दाका साथै उक्त बाटोबाट आवज जावत गर्ने यात्रु मारमा परेको छिन्नमस्ता गाउँपालिका २ निवासी राम अवतार यादवले गुनासो पोखे ।

धूलोका कारण रुघा खोकी, खोक्दा खकार कालो निस्कने, आँखा चिलाउने, रातो हुने लगायतका समस्या भएको स्थानिय भुपेन्द्र मण्डल बताउछन् ।

सडकको दुबै छेऊमा वसोवास गर्ने वासिन्दालाई २४ सै घण्टा आवतजावत गर्ने साना तथा ठूला सवारीका साधनहरुले उडाएको बाक्लो धूलोले समस्या परेको भन्दै अविलम्ब यसतर्फ सम्बन्धित निकायले पहल गर्नु पर्ने माँग गरेका छन् ।


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी पिऔं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खाने पानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहर मैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*